# गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद
## Non-Resident Nepali Association International Coordination Council

**"संविधान सुझाव समुह, संविधान सम्वन्धी सुझाव संकलन"**
**"Constitution Recommendation Committee, Suggestions for constitution making in Nepal"**

**सुझाव दिने राष्ट्रिय समन्वय परिषद __एनआरएन जापान**

**(प्रस्तुत सुझाव एनआरएन जापानका कार्यसमितिका अध्यक्ष भवन भट्ट र सदस्य भूषण घिमिरेद्वारा तयार गरिएको ड्राफ्टमा सिंगो कार्यसमिति र जापान स्थित विभिन्न संघ संस्थाहरुको राय सुझाव समेत समेटेर पेश गरिएको हो ।)**

**Name of the NCC providing the suggestions**

**मिति (Date) २००९ अप्रिल**

(*Please kindly send us your suggestion in English or Nepali. If you choose to use Nepali language, please use either Preeti font or Unicode. आफ्ना सुझावहरुलाई कृपया नेपाली वा अंग्रेजी भाषामा टाइप गरी पठाएर सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं । नेपाली भाषा प्रयोग गर्दा प्रिती फ्रण्ट वा युनिकोड मात्र प्रयोग गर्न पनि आग्रह गर्दछौं । *)

| क्रम संख्या | Item<br>विषय | Suggestions<br>सुझाव |
|---|---|---|
| **(A) प्रस्तावना, अधिकार र कर्तव्य सम्वन्धी (Regarding Preamble, Rights and Duties)** | | |
| 1 | What should be included in the Preamble of the constitution?<br><br>संविधानको प्रस्तावनामा कस्ता कुराहरु समावेश हुनुपर्छ ? | सार्वभौम सत्ता जनतामा निहित सबै जातजाति, भाषाभाषि र धर्मावलम्बीहरुबीच समान व्यवहारको प्रत्याभूति सहितको बहुदलीय प्रतिष्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनु पर्छ । |
| 2 | What rights and duties of Nepali citizens should be included in the constitution?<br><br>नेपाली नागरिकका कस्ता अधिकार र कर्त्तव्यलाई संविधानमा समावेश गरिनु पर्छ ? | नेपाली नागरिकका सबै मौलिक तथा प्राकृतिक अधिकारहरुको पूर्ण प्रत्याभूतिका साथै मानव अधिकार वाक तथा प्रकाशन सम्बन्धी अधिकार लगायत अन्तर्राष्ट्रिय रुपमा स्थापित सबै अधिकारहरु र नेपाली नागरिकको बाँच्न पाउने, व्यक्तित्वको विकास गर्न पाउने र स्वतन्त्रतापूर्वक जीवन यापन गर्न पाउने अधिकार समावेश गरिनु पर्छ । त्यसैगरी कर्तव्यमा संविधान कानून र नियमहरुको अधिनमा रही अरुको अधिकारको उल्लंघन नहुने गरी साना ठूला धनी गरिब जस्ता विभेद विना सबै कर्तव्यनिष्ठ हुनु पर्ने व्यवस्था गरिनु पर्छ । |

| (B) व्यवस्थापिका सम्वन्धी (Regarding Legislature) | | |
|---|---|---|
| 3 | Should it be a presidential (such as the one that exists in the USA) or parliamentary (similar to the one in the UK) or a mixed system (such as the one to be found in France) of governance?<br><br>तपाईंको विचारमा हाम्रो संविधान कस्तो प्रणालिमा आधारित हुनु पर्छ - राष्ट्रपतीय (संयुक्त राज्य अमेरिकामा जस्तो) वा संसदीय (बेलायतमा जस्तो) वा मिश्रित (फ्रान्समा जस्तो)? | देश र जनताको अहित हुने काम गर्नबाट रोक्न सकिने अर्थात तानाशाही वा निरंकुश हुनबाट बंचित गर्न सकिने अधिकार सम्पन्न राष्ट्रपतीय प्रणालीमा जाने गरी संविधानमा व्यवस्था हुनु पर्छ । साथै राष्ट्रपतिको उम्मेदवारको चयन अमेरिकामा जस्तै जनताबाट हुनु पर्छ । |
| 4 | How should the electoral system be? Should it be-<br>a) fully proportional<br>b) fully first-past-the-post system (directly elected)<br>c) or a mixed system such as the one adopted in the election for the present CA?<br>( If mixed, what should be the proportion between the directly elected and proportional representation? )<br><br>हाम्रो मुलुकले कस्तो निर्वाचन प्रणाली अपनाउनु वेश हुन्छ –<br>क) पूर्णसमानुपातिक<br>ख) पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष निर्वाचित)<br>ग) वा संविधान सभाको निर्वाचनमा प्रयोग भएको जस्तो मिश्रित व्यवस्था ?<br>(मिश्रित भए प्रत्यक्ष निर्वाचित र पूर्णसमानुपातिक बिचको अनुपात कति हुनुपर्छ ?) | मिश्रित निर्वाचन प्रणाली अपनाउनु उपयुक्त हुन्छ । पार्टी भित्रका सबै राम्रा मानिसहरु चुनावी प्रकृयाका निम्ति उपयुक्त नहुन पनि सक्ने भएकाले त्यस्ता व्यक्तिहरुलाई राज्य संचालनको प्रकृयामा प्रत्यक्ष सहभागी बनाउन समानुपातिक प्रणाली अपनाउनु उपयोगी देखिन्छ । समानुपातिकबाट २५ प्रतिशत र पहिलो हुने निर्वाचित हुने वा प्रत्यक्षबाट ७५ प्रतिशत गर्नु उपयुक्त देखिन्छ ।<br><br>उम्मेदवारहरुको आचरण शैक्षिक योग्यता उमेरको हद जस्ता विषयहरुमा ध्यान दिन सकिने प्रष्ट व्यवस्था पनि आवाश्यक देखिन्छ ।<br><br>सङघिय संरचना अनुरुप हुनुपर्ने।<br><br>उम्मेदवारहरुको न्यूनतम शैक्षिक योग्यता तोकिनु पर्ने। तर पिछडिएको जातिलाई सोको हकबन्दि कम हुनु पर्ने। |
| 5 | If proportional system is to be used, should we have some minimum threshold level of secured votes to qualify for the proportional part of the parliamentary quota? If so, what should be that percentage of the secured votes?<br><br>समानुपातिक प्रणालि लागु हुने हो भने कुल मतको कुनै न्यूनतम प्रतिशत मत पाएका दललाई मात्र व्यवस्थपिकामा समानुपातिक प्रतिनिधित्वका लागि योग्य मान्ने प्रावधान राख्छ उचित होला ? यदि त्यस्तो प्रावधान राख्ने भए कम्तिमा कति प्रतिशत मत तोक्न वान्छनीय ठान्नु हुन्छ ? | समानुपातिकमा खसेको मतको न्युनतम पनि १० प्रतिशत भन्दा माथि ल्याउने दललाईमात्र समानुपातिक प्रतिनिधित्वका लागि योग्य मान्ने प्रावधान उचित हुन्छ र यसो गर्दा बढी प्रतिशत मत ल्याउने दललाई एकल सरकार चलाउन सजिलो हुने गरी व्यवस्थापिका सदस्यहरुको चयन गर्न सकिने व्यवस्था गरिनु पर्छ । जस्तै २० प्रतिशत मत ल्याउनेलाई १० जना र १० प्रतिशत मत ल्याउनेलाई ५ जना नभएर क्रमश १२ र ३ जना चुन्न सक्ने व्यवस्था गरिनु वान्छनिय छ । |
| 6 | Any other suggestion not included in the above list<br><br>माथिका बाहेक अन्य कुनै महत्वपूर्ण सुझाव | दलहरु धेरै भएर चलखेल गर्न सक्ने भन्दा राष्ट्रिय राजनीतिको मुलधारमा थोरै दलहरु मात्रै क्रियाशिल हुन सक्ने गरी व्यवस्था हुनु ठीक हुनेछ भने पार्टी भित्रको आन्तरिक प्रतिपर्धा र प्रजातन्त्र जनताले प्रष्ट रुपमा अनुभूत गर्न सक्ने खालको हुनु पर्छ । वर्षौं वर्ष एक उनै नेताहरु पार्टी र सरकारका माथिल्ला पदमा रहिरहने प्रणालीमा व्यापक सुधार गर्नु पर्छ । |

| | | |
|---|---|---|
| **(C) कार्यपालिका सम्वन्धी (Regarding Executive Authority)** | | |
| 7 | How should the chief executive be elected by the people- directly (as in the US, France, or Russia) or by majority votes of parliament (as in Germany, India, or Italy)?<br><br>देशको कार्यकारी प्रमुखको निर्वाचन कसरी हुनु पर्ला- अमेरिका, फ्रान्स, रुस आदि देशमा झैं प्रत्यक्ष निर्वाचनद्वारा अथवा भारत, जर्मनी, इटाली आदि देशमा जस्तो संसदको बहुमतद्वारा ? | अमेरिका जस्तै प्रत्यक्ष निर्वाचनबाट हुनु पर्छ । |
| 8 | Should the cabinet members be allowed to come from outside of parliament? Or should members of parliament be prohibited from becoming ministers?<br><br>के व्यवस्थापिका बाहिरका व्यक्तिहरु पनि मन्त्री हुन सक्ने प्रावधान राख्नु उचित होला ? अथवा व्यवस्थापिका सदस्यले मन्त्री नै बन्न नपाउने व्यवस्था गर्नु आवश्यक ठान्नु हुन्छ ? | केही प्रतिशत समानुपातिक निर्वाचन प्रणाली भएमा व्यवस्थापिका बाहिरका व्यक्तिहरु मन्त्री हुने प्रावधान आवश्यक छैन अन्यथा यो प्रावधान राख्दा नराम्रो नहोला । व्यवस्थापिका सदस्य मन्त्री नै बन्न नपाउने व्यवस्थाले पार्टीको हैकम बढाउन सक्छ । |
| 9 | Should we have term limits for President and (or) Prime Minister?<br><br>राष्ट्रपति एवं (अथवा) प्रधानमन्त्रीको पदावधि तोक्नु आवश्यक छ ? छ भने कतिपटक सम्म आफ्नो पदमा बहाल रहन पाउने व्यवस्था गरिनु वान्छनीय ठान्नु हुन्छ? | बढीमा दुई कार्यकाल वा तीन पटक भन्दा बढी केही गरी राष्ट्रको प्रमुख पदमा बहाल रहन नपाउने व्यवस्था संविधानमा स्पष्ट उल्लेख हुनु पर्छ । |
| 10 | What should be the provision to remove the chief executive and the ministers? To change the government, should we require the opponent to present the complete set of the new government (PM and the key cabinet names) with some minimum support of the parliament members?<br><br>कार्यकारी प्रमुख र मन्त्रीहरुलाई हटाउन कस्तो प्रावधान राख्नु पर्ला ? सरकार परिवर्तन गराउन प्रस्ताव राख्ने विपक्षी दलले नयाँ प्रधानमन्त्री लगायत पूर्ण मन्त्रिमण्डलको स्वरुप र त्यसलाई संसद सदस्यहरुको आवश्यक न्युनतम समर्थन रहेको प्रमाण समेत पेश गर्नुपर्ने प्रावधान राख्न वान्छनीय होला ? | राजनीतिक छिनाझम्टीलाई नियन्त्रण गर्ने गरी र कार्यकारी प्रमुखलाई देश र जनताप्रति उत्तरदायी बनाउने गरी पदच्यूत हुन सक्ने प्रावधान राख्नु पर्छ । तर मन्त्रीहरुलाई हटाउने अधिकार कार्यकारी प्रमुखमा निहित गरिनु पर्छ ।<br><br>सरकार परिवर्तन गराउन प्रस्ताव राख्ने विपक्षी दलले नयाँ प्रधानमन्त्री लगायत पूर्ण मन्त्रिमण्डलको स्वरुप र त्यसलाई संसद सदस्यहरुको आवश्यक न्युनतम समर्थन रहेको प्रमाण समेत पेश गर्नुपर्ने प्रावधान राख्न वान्छनीय हुन्छ । |
| 11 | What constitutional provisions would you suggest to guarantee internal democracy in major political parties?<br><br>मुख्य दलहरुभित्र आन्तरिक लोकतन्त्रलाई सुनिश्चित गर्न संविधानमा कस्तो व्यवस्था गर्न आवश्यक ठान्नु हुन्छ ? | दलहरुको नेतृत्व चयन निर्वाचनबाट हुनु पर्छ । दलहरुमा योग्यता र क्षमता प्रदर्शन गरी प्रतिष्पर्धाबाट नेतृत्वमा पुग्न पाउने व्यवस्था प्रष्ट रुपमा उल्लेख हुनु पर्छ । |
| 12 | Any other suggestion not included in the above list<br><br>माथिका बाहेक अन्य कुनै महत्वपूर्ण सुझाव | सरकार निरंकुश र अस्थिर दुबै नहुने गरी सन्तुलन मिलाउने गरी संविधानमा व्यवस्था गरिनु पर्छ । |
| **(D) संघीयता सम्वन्धी (Regarding Federalism)** | | |

| | | |
|---|---|---|
| 13 | What should be the future federal structure of the country?<br>a) purely along ethnic lines<br>b) based on three ecological belts: Mountains, Hill and Terai<br>c) based on the existing five development region model<br>d) based on a mix of ecology, geography, economy, mixed resource endowment (mountains and plains) and ethnicity<br>e) or any other basis ?<br><br>हाम्रो मुलुकले कस्तो संघीय स्वरुपलाई अपनाउनु हितकर हुन्छ:<br>क) पूर्णत: जातीय आधारमा<br>ख) हिमाल, पहाड, र तराई तीन भौगोलिक क्षेत्रका आधारमा<br>ग) हालको पाँच विकास क्षेत्रको मोडेलमा<br>घ) पर्यावरण, भूगोल, आर्थिक तथा प्राकृतिक स्रोत सम्पन्नता एवं जातीयताको मिश्रित आधारमा<br>ङ) अथवा अरु कुनै आधारमा ? | मुलुकलाई संघीय स्वरुपमा लगे पनि सिंगो राष्ट्र एक ढिक्का हुने खालको संबैधानिक ढाँचा अपनाउनु पर्छ । संघीयता हालको पाँच विकास क्षेत्रको मोडेलमा पर्यावरण, भूगोल, आर्थिक तथा प्राकृतिक स्रोत सम्पन्नता एवं जातीयताको मिश्रित आधारमा संघीय स्वरुपको निर्धारण हुनु हितकर हुनेछ ।<br><br>फरकमत<br><br>जाति, भाषा तथा भौगोलिकताको आधारमा हुनु पर्ने । |
| 14 | How should the powers be divided or allocated between the centre and federal entities?<br><br>संघीय एकाई एवं क्रेन्द्रकाबिच शक्तिको बाँडफाँड कसरी हुनु पर्छ ? केन्द्रले कस्ता अधिकार राख्ने र प्रदेशले के पाउने हुनुपर्दछ? | शक्ति विकेन्द्रिकरणको सिद्वान्त अनुसार शक्तिको बाँडफाँड गरीनु पर्दछ । राष्ट्रिय तहका मुद्दाहरुमा जस्तै वैदेशिक सम्बन्ध सैनिक मामिला सन्धी सम्झौता एकिकृत रुपमा देश निर्माणको खाका तयार गर्ने काम र ठूला आयोजनाहरु संचालनको निर्णय गर्ने काम केन्द्रिय तहमा हुनु पर्छ भने स्थानीय स्रोतको परिचालन स्थानीय विकास र जनधनको सुरक्षा लगायतका जिम्मेवारी स्थानीय तहमा सङघिय संरचना अनुरुप हुनुपर्दछ । |
| 15 | Any other suggestion not included in the above list<br><br>माथिका बाहेक अन्य कुनै महत्वपूर्ण सुझाव | प्रादेशिक एकाईहरुबीच विकास निर्माण र त्यस क्षेत्रका जनतालाई दिन सकिने सेवा सुविधा पुर्‍याउने विषयमा प्रतिष्पर्धा हुन सक्ने र दुई प्रदेशबीचको समन्वय साझा सवालहरुमा सहकार्यकालागि सहज हुने गरी संविधानमा व्यवस्था गरिनु पर्छ । |
| **(E) समावेशिकरण सम्वन्धी (Regarding Inclusiveness)** | | |
| 16 | What provisions should be included to empower women and others belonging to various marginalized, indigenous and other ethnic groups?<br><br>महिला, आदिवासी र अन्य जाति-जनजाति समुहका सीमान्तकृत जनतालाई अधिकारसम्पन्न बनाउन संविधानमा के कस्ता प्रावधानहरु राख्न आवश्यक ठान्नु हुन्छ ? | जातिय विभेदकारी व्यवस्था र संस्कारमा परिवर्तन ल्याउन सक्ने गरी संविधानमा प्रष्ट व्यवस्था हुनु पर्छ । सबैलाई समान अधिकार र समान रुपमा व्यक्तित्व विकासको अवसर उपलब्ध हुने कुराको ग्यारेन्टी गर्नु पर्छ । जातिय वा लैंगिक विभेद गर्नेहरुलाई कडा कानूनी कार्यवाहीको व्यवस्था गरिनु पर्छ । |

| | | |
|---|---|---|
| 17 | What provisions should be included to make the system of governance as inclusive as possible?<br><br>राज्य संयन्त्रलाई बढि भन्दा बढि समावेशी बनाउन संविधानमा के कस्ता प्रावधानहरु राख्न उचित ठान्नु हुन्छ? | सबै जनतालाई समान अधिकार र अबसर उपलब्ध हुने राजनैतिक तथा प्रशासनिक संयन्त्रको निर्माण गरी राज्य संयन्त्रमा सबैलाई विना भेदभाव समावेश हुन सक्ने वातावरण तयार हुनु पर्छ । समावेशी बनाउने नाममा क्षमता नै नभएकाहरुले अवसर पाउने र क्षमतावान व्यक्तिहरु अवसरबाट बन्चित भएर विदेश पलायन हुनु पर्ने अवस्थालाई नियन्त्रण गर्नु पर्छ । |
| 18 | Any other suggestion not included in the above list<br><br>माथिका बाहेक अन्य कुनै महत्वपूर्ण सुझाव | सबैलाई समान अवसर उपलब्ध गराउने भन्दा भन्दै पनि गरिब र धनी बीचको अन्तर शहर र दुरदराजबीचको अन्तरलाई कसरी कम गराउन सकिन्छ र पिछडिएका वर्ग जाति र क्षेत्रकाहरुलाई शशक्तिकरणमा योगदान पुग्छ भन्ने कुरालाई ध्यानमा राखि आरक्षणको व्यवस्था हुनु पर्छ । |
| **(F) संशोधन र नियन्त्रण सम्वन्धी (Regarding Amendment and Control)** | | |
| 19 | What should be the requirement to amend the constitution?<br><br>संविधानको संशोधन गर्न कस्ता प्रावधानहरुको पालना गर्न जरुरी ठान्नु हुन्छ ? | व्यवस्थापिकाको दुइतिहाइबाट गर्न सकिने कुराहरुलाई व्यवस्थापिकामा छोडिदिनु पर्छ र जनताको प्रत्यक्ष मत आवश्यक देखिने जस्तै संघीय प्रणालीमा परिवर्तनको महशुश हुँदा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्थामा परिवर्तन महशुश हुँदा राज्यको पुरनसंरचनासँग सम्बन्धित कुराहरु र संविधानका अत्यन्त महत्वपूर्ण प्रावधानहरुमा संशोधन आवश्यक छ भन्ने कुरामा व्यवस्थापिकाको ५० प्रतिशत भन्दा बढीले सहमति जनाएमा व्यवस्थापिकको निर्वाचनकै बेलामा त्यस्ता विषयहरुमा जनताको मत लिएर संविधानमा संशोधन गर्न सकिने प्रावधान राखिनु पर्छ । |
| 20 | What powers should parliament or president or cabinet have in ratifying Nepal's treaties with other nations?<br><br>अन्य देशसँग गरिने सन्धीलाई अनुमोदन गर्ने प्रक्रिया कस्तो हुनुपर्छ र सरकार वा राष्ट्रपति वा संसदसँग यस सम्वन्धमा कस्तो अधिकार हुनु पर्छ ? | दीर्घकालिन महत्वका विषयहरु जस्तै जलस्रोतको उपयोग, सैनिक सहयोग, सीमा सम्बन्धी सन्धी सम्झौता संसदको दुइतिहाइले गर्नु पर्छ । व्यवस्थापिका र कार्यकारी प्रमुख दुवैबाट अनुमोदन हुनु पर्ने व्यवस्था गर्नु पर्छ । |
| 21 | Under which conditions can a state of emergency be declared?<br><br>कस्तो अवस्थामा राज्यलाई आपत्कालीन स्थितिको घोषणा गर्ने अधिकार हुनुपर्छ ? | जनताको जीउधनको सुरक्षामा गम्भिर असर पर्ने अवस्थामा, राज्यको सिमा सुरक्षा गर्नु पर्ने अवस्थामा र कुनै किसिमका दंगा वा विद्रोह नियन्त्रण भन्दा बाहिर भएमा राज्यलाई आपत्कालिन स्थितिको घोषणा गर्ने अधिकार हुनु पर्छ । |

| | | |
|---|---|---|
| 22 | Who should have residual powers and how should this be defined and used?<br><br>अवशिष्ठ अधिकार (बाधाअड्चन फुकाउने अधिकार) लाई कसरी परिभाषित गर्ने र त्यस्तो अधिकार कसले प्रयोग गर्ने व्यवस्था हुनुपर्छ? | व्यवस्थापिका र कार्यपालिकाबाट अनुमित लिएर राष्ट्र प्रमुखले त्यस्तो अधिकारको प्रयोग गर्ने व्यवस्था हुनु पर्छ । व्यवस्थापिका र कार्यपालिकाकै विषयमा समस्या आएमा राष्ट्र प्रमुखले न्यायपालिकाको सल्लाहमा बाधाअड्चन फुकाउने अधिकार पाउनु पर्छ । |
| 23 | What other provisions should be included in the constitution to strengthen democracy, human rights, rule of law and promote economic development?<br><br>मुलुकको लोकतन्त्र, मानव अधिकार, विधिको शासन तथा आर्थिक विकासको प्रवर्धन एवं सुदृढिकरणकालागि संविधानमा अन्य कस्ता प्रावधान राख्न जरुरी ठान्नु हुन्छ ? | कानुनको पालना गर्ने गराउने काममा कडाइ गर्नु पर्छ । जवरजस्ति बन्द हडताल जस्ता अरुको अधिकारमाथिको हस्तक्षेप पूर्ण त नियन्त्रण हुने प्रावधान राखिनु पर्छ । |
| 24 | What provisions should be included in the constitution to control corruption by politicians and public officials?<br><br>सार्वजनीक पद धारण गर्ने व्यक्ति एवं राजनीतिक नेतृत्वबाट हुने भ्रष्टाचारलाई नियन्त्रण गर्न संविधानमा कस्तो व्यवस्था गर्न आवश्यक ठान्नु हुन्छ ? | सम्पत्तिको विवरण राख्ने आयस्रोत देखाउनु पर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने र भ्रष्टहरुलाई कुनै पनि अवस्थामा राजनैतिक नेतृत्वमा पुग्न नदिने व्यवस्था गर्नु पर्छ । |
| 25 | Any other suggestion not included in the above list<br><br>माथिका बाहेक अन्य कुनै महत्वपूर्ण सुझाव | |
| **(G) गैरआवासीय नेपाली सम्वन्धी (Regarding Non-Resident Nepali)** | | |

| | | |
|---|---|---|
| 26 | What provisions should be included in the constitution to enable NRNs' contribution in nation-building? In addition to the provision on dual nationality, what else should be included to ensure the NRNs' participation in the governance of the country?<br><br>राष्ट्रनिर्माणमा गैरआवासीय नेपालीहरुको संलग्नतालाई प्रोत्साहित गर्न  दोहोरो नागरिकता लगायत संविधानमा अन्य के कस्ता प्रावधान राख्न आवश्यक ठान्नु हुन्छ ? | **परिभाषा**<br>छिमेकी भारतबाहेक विश्वका कुनै पनि मुलुकमा १ सय ८३ दिन भन्दा बढी बसोबास गर्ने विद्यार्थी व्यापारी तथा अन्य कुनै काम गरी वसोबास गरिरहेकालाई गैरआवासीय नेपाली नागरिक को रुपमा परिभाषित गरिनु पर्छ । संसारका धेरै मुलुकहरुले यसरी नै परिभाषित गरेका छन् ।<br>**दोहोरो नागरिकता**<br>अन्य कुनै देशको नागरिकुता लिएको नेपालीले नेपालको नागरिकता त्याग्नु नपर्ने संवैधानिक व्यवस्था गर्नु पर्छ । विदेशी नागरिकता लिएका नेपाली बाबु आमाबाट जन्मिएका छोरा छोरीलाई पनि नेपाली नागरिकता दिनु पर्छ । आमा वा बाबु मध्ये एक नेपाली नागरिक भएमा तिनका छोरा छोरीले नेपाली नागरिकता पाउने व्यवस्था हुनु पर्छ ।<br>दोहोरो नागरिकताको ब्यवस्था हुन नसक्ने राष्ट्रहरुमा बस्ने नेपालीहरुको लागि (जस्ले बिदेशको पासपोर्ट लिएको छ) बिषेश पासपोर्टको पनि ब्यवस्था हुने पर्ने। उक्त पासपोर्ट प्राप्त ब्यक्ति नेपाल प्रबेश गर्दा निज साधारण नेपालीझैं बिना भिसा प्रबेश गर्न पाउनु पर्ने तथा उध्योग धन्दा गर्न आम नागरिक सरह सुबिधा हुनु पर्ने।<br><br>**सम्पत्तिको अधिकार**<br>दोहोरो नागरिकता नपाएका तर कुनै समयमा नेपाली नागरिक भै बाध्यता र परिस्थितिले विदेशी नागरिकता लिएका नेपाली मुलका विदेशी नागरिकलाई नेपालमा घर जग्गा किनबेच गर्ने अधिकार दिनु पर्छ ।<br>**मताधिकारको व्यवस्था**<br>विदेशाम बस्ने सम्पूर्ण नेपालीलाई नेपालमा हुने संसदीय तथा स्थानीय निर्वाचनमा विद्युतीय वा अन्य माध्यमबाट मत दिन पाउने व्यवस्था गर्नु पर्छ ।<br>**सुपुर्दगी व्यवस्था**<br>विदेशमा विभिन्न अपराधमा संलग्न भई जेल सजाय पाइरहेकाहरुलाई नेपालमा नै स्थानान्तरण गराइ सजाय पाउने व्यवस्था गर्न सुपुर्दगी सन्धी नेपालीहरु बसोबास गर्दै आएका सबै देशसँग अनिवार्य गर्नु पर्छ ।<br>यस्तो सन्धी हुन नसकेका राष्ट्रहरुमा कम्तिमा पनि नाबालिक (२०बर्ष वा मुनि), जेष्ठ नागरिक (६० बर्ष वा माथी) वा ५ वर्ष भन्दा बढि सजाय भोगिसकेका हरुलाई लागु हुनु पर्छ ।<br>**द्वैध कर प्रणालीको खारेजी**<br>नेपालीहरु बसोबास गर्ने मुलुक र नेपालीबीच द्वैध कर प्रणाली खारेज गर्नु पर्ने संवैधानिक व्यवस्था गर्नु पर्छ । |

| | | |
|---|---|---|
| 27 | Any other suggestion not included in the above list<br><br>माथिका बाहेक अन्य कुनै महत्वपूर्ण सुझाव | **प्रवासी नेपालीहरुको बौद्धिक सम्पत्तिको सदुपयोग**<br><br>बिभिन्न मुलुकमा छरिएर रहेका नेपालीहरुको बौद्धिक सम्पत्तिलाई स-सम्मान र उचित स्थानमा उपयोग गर्न स्पष्ट ब्यवस्था हुनु आवश्यक छ । जस्तै; कुनै पनि सहयोगी देश मार्फत संचालन हुने परियोजनाहरुमा प्रयोग गरिने जनशक्ति सम्भव भएसम्म सम्बन्धित देशमा नै अध्ययन गरेर फर्केका ब्यक्ति हुनु पर्ने कानुनी प्राबधान हुनु पर्छ । |

*Note: Kindly send in your suggestions to the NRNA secretariat no later than 15 March 2009 through email (E:nrn@nrn.org.np)*

*नोट : तपाईका सुझावहरु हामीलाई ईमेल (nrn@nrn.org.np) मार्फत १५ मार्च २००९ भित्र पठाई दिन हुन हार्दिक अनुरोध गर्दछौं ।*